**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 04.04.2024**

## ईलेक्सन फिमेल क्याडिडेट

सिक्किममा लोकसभा र विधानसभका लागि एकैचोटि हुने चुनाउमा यसपालि तेह्रजना महिलाहरू चुनाउ मैदानमा उत्रिएका छन्।

देशको जैविक राज्यको एकमात्र लोक सीट र विधानसभाका बत्तीस सीटहरूका लागि मतदान पहिलो चरणमा यसै महीना उन्नाइस तारीक हुनेछ।

वर्तमान विधानसभामा तीनजमा  महिला विधायकहरू मल्ली समष्टिबाट श्रीमती फरवन्ती तामङ, राङगाङ याङगाङबाट श्रीमती राजकुमारी थापा र जूम सालधारी निर्वाचन क्षेत्रबाट श्रीमती सुनिता गजमेर हुनुहुन्छ।

यसपालिको चुनाउमा लोकसभाका लागि एकजना महिला निर्दलीय प्रत्यासी र विधानसभाका निम्ति बाह्रजना महिला उम्मेदवारहरूले प्रतिष्पर्धा गरिरहेछन्।

सिक्किममा महिला मतदाताहरूको संख्या राज्यका कुल मतदाताहरूको लगभग आधी छ।

जम्मा चार लाख त्रिसाठी हजार  आठसय मध्ये महिला मतदाताहरू दुई लाख एकतीस हजार चार सय पचास छन्। राज्यका कुनै पनि राजनीतिक दलले एकमात्र लोकसभा सीटका महिला उम्मेदवारलाई मैदानमा उतारेका छैनन्। तथापि एकजना स्वतन्त्र उम्मेदवार सुश्री बीना राईले तेह्रजना दावेदारहरू विरूद्ध लोकसभाको चुनाउ लड्नुहुनेछ।

राज्य विधानसभाका बत्तीस सीटहरूको चुनाउका लागि जम्मा एकसय चालिसजना प्रत्याशीहरूमध्ये सत्तारूढ सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम र काँग्रेस पार्टीले चार चार जना महिला उम्मेदवारहरू खड़ा गरेका छन् भने नवगठित सिटिजन एक्शन पार्टी र भारतीय जनता पार्टीले दुई दुई जना महिला उम्मेदवारलाई पार्टीको टिकट दिएका छन्।

## सोरेङ होम भोटिङ

मतदानको प्रक्रियालाई समावेशी र सुगम बनाउने एउटा ऐतिहासिक पाइलामा भारतको निर्वाचन आयोगले पचासी वर्ष भन्दा बढ़ी उमेरका वरिष्ठ नागरिकहरू र दिव्याङ्क व्यक्तिहरूका लागि आम चुनाउ 2024 मा डाक मतपत्रको माध्यमद्वारा घरबाटै भोट हाल्ने अर्थात होम भोटिङ विकल्प शुरू गरेको छ।

यस सम्वन्धमा सोरेङकी जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी सुश्री यिस्से डी योङडाको देखरेखमा जिल्ला प्रशासनिक केन्द्रबाट जिल्लाका मतदान टोलीहरूले आ  आफ्ना सम्वन्धित क्षेत्रमा प्रस्थान गरे।

मतदान दलको नेतृत्व क्षेत्रीय मजिस्ट्रेटहरूले गरेका थिए।

होम भोटिङ टीम प्रस्थान हुनअघि उनीहरूलाई पोलिङ किट हस्तान्तरण गरियो।

होम भोटिङका आठवटा टोलीहरूलाई सम्वोधन गर्दै जिल्ला निर्वाचन अधिकारीले मतदान नियम सम्बन्धमा विस्तृत जानकारी देनुभयो।
बताइन्छ सोरेङ जिल्लाका चारवटा निर्वाचन क्षेत्रहरूमा दुइ स छ्यासठीजना होम भोटरहरू छन्।
पहिलो चरणका लागि आजदेखि शुरू भएको गृह मतदान प्रक्रिया आठ अप्रेलमा समाप्त हुनेछ र तेह्र अप्रेलदेखि पुन आरम्भ भएरो सोह्र अप्रेलमा सम्पन्न हुनेछ।

**गेजिङ पोस्टल होम भोटिङ**

गेजिङ जिल्लामा पनि जिल्ला निर्वाचन अधिकारी श्री भरनी कुमारको मार्गदर्शनमा होम भोटिङ टोलीलाई आवश्यक सामग्रीहरू उपलब्ध गराएर निर्दिष्ट स्थानहरूमा पठाइयो।
यसै गरी पाकिम जिल्लामा पनि जिल्लाधीश श्री टाशी छोपेलको दिशानिर्देशमा गृह मतदान टोलीलाई डाक मतपत्रहरू वितरण गरियो।
टोलीलाई चनाउ प्रक्रियामा मतको गोपनीयता कायम राख्ने निर्देश दिइएको छ।
प्रत्येक टीममा एकजना क्षेत्र अधिकारी, मतदान अधिकारी, सूक्ष्म प्रयावेक्षक र भिडियोग्राफर सामेल छन्।
मतदान प्रक्रिया पूरा भएपछि डाक मतपत्रहरू डिकलिङ उच्चतर माध्यमिक पाछशाला अवस्थित स्ट्रङ रूममा राखुनेछ।

**गान्तोक होम भिटिङ**

यता गान्तोकमा पनि जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री तुषार निखरेले जिल्ला अधिनका क्षेत्रीय मजिस्ट्रेट र मतदान केन्द्र स्तरीय अधिकारीहरूसित बसेको बैठकको अध्यक्षता गर्नुभयो।
गृह मतदान प्रक्रियाबारे अवगत गराँउदै उहाँले अधिकारीहरूलाई चुनाउ ड्युटीमा सतर्क रहने र सबै नियमहरू पालन गर्ने निर्देश दिनुभयो।
होम भोटिङ प्रक्रिया शुरू हुन अघि राजनीतिक पार्टीहरूलाई यसबारे जानकारी दिन आवश्यक रहेको कुरो बताउँदै श्री निखरेले होम भोटिङका बेला सतर्कता अप्नाउने र ईभिएम हरू सुरक्षित रहेको सुनिश्चित गर्ने निर्देश पनि दिनुभएको छ।
जिल्लाका सबै समष्टिहरूमा गृह मतदान प्रक्रिया भोलिदेखि शुरू हुनेछ र यो आठ अप्रेलमा समाप्त हुनेछ।

**गेजिङ बिएलओ**

गेजिङ जिल्लाका मतदान केन्द्र स्तरीय अधिकारीहरूले आज गेजिङ जिल्ला पञ्चायत भवनमा मतदाता जानकारी पर्ची मतदाता जानकारी रजिस्टर र मतदाता पकेट गाइट सम्वन्धमा अवगत गराइयो।
पछि यस्ता सामग्रीहरू सम्वन्धित प्रखण्डका योग्य मतदाताहरूलाई वितरण गरिनेछ।

महकुमा अधिकारी मुख्यालय सुश्री तिर्साङ्ग तामङले मतदान केन्द्र स्तरीय अधिकारीहरूलाई निर्धारित समयमा यस्ता सामग्रीहरू उपलब्ध गराउ परामर्श दिनुभयो।

बैठकमा योक्सम टाशिडिङ याङथाङ , मान्बुङ देन्ताम र गेजिङ बर्मेक समष्टिहरू तैनात जम्मा उनात्तरजना मतदान केन्द्र स्तरीय अधिकारीहरू उपस्थित थिए।

**नाम्ची ईभिएम टीम**

नाम्ची जिल्ला अन्तर्गत विभिन्न समष्टिमा इलेक्ट्रोनिक भोटिङ मशिन खड़ा गर्ने कार्य भोलिदेखि शुरू हुनेछ।

भोलि बर्फुङ, पोक्लोक कामराङ, नाम्थाङ रातेपानी र संघ विधानसभा समष्टिका लागि पर्सी शनिवार नाम्चीसिंगिथाङ, मल्ली, तिमि नाम्फिङ र राङगाङ निर्वाचन क्षेत्र र आँउदो आइतवार सात अप्रेलमा संसदीय समष्टिका लागि इलेक्ट्रोनिक भोटिङ मशिन खड़ा गरिनेछ।

नाम्ची जिल्ला प्रशासनिक कार्यमा आज ईभिएम राख्ने प्रक्रिया र यसको संचालन सम्वन्धमा ईभिएम टोलीलाई जानकारी प्रदान गरियो।

यस अवसरमा जिल्ला निर्वाचन अधिकारी श्रीमती अन्नपूर्ण आले, अतिरिक्त जिल्लाधीश र अन्य अधिकारीहरूको उपस्थिती थियो।

**मंगन ईभिएम, भिभिपिएटी(VVPAT)**

मंगन जिल्लाकालागि इलेक्ट्रोनिक भोटिङ मशिन र भिभिपेट छासमिस गर्ने दोस्रो चरणको कार्यक्रम पेन्तोक जिल्ला प्रशासनिक केन्द्रमा आज गरियो।

यस अवसरमा आम चुनाउ पर्यावेक्षक श्री उमाकान्त राव पनि उपस्थित हुनुहुन्थ्यो।

आम चुनाउ 2024 का लागि मंगन जिल्लामा जम्मा बाउन्नवटा मतदान केन्द्रहरू छन्।